
# द्विपक्षीय आदानप्रदानहरू



## राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति श्री रवि लामिछानेको भारत भ्रमण

राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति श्री रवि लामिछानेले मिति २०८३ जेठ १८-२२ गतेसम्म भारतको भ्रमण गर्नुभयो । भ्रमणका क्रममा वहाँले प्रधानमन्त्री श्री नरेन्द्र मोदी, गृहमन्त्री श्री अमित शाह र विदेश मन्त्री डा. एस. जयशंकरसँग भेटवार्ता गर्नुभयो ।

थप पढ्नुहोस्



## भारतीय विदेश मन्त्री र नेपालका परराष्ट्र मन्त्रीबीच भेटवार्ता

भारतका माननीय विदेश मन्त्री एस. जयशंकरले नेपालका माननीय परराष्ट्र मन्त्री शिशिर खनाल र वहाँको प्रतिनिधिमण्डलसँग मिति २०८३ जेठ २३ गते नयाँ दिल्लीमा भेट गर्नुभयो । वहाँहरूबीच विकास सहकार्य, कनेक्टिभिटी, ऊर्जा, जलविद्युत्, विकास, शिक्षा, स्वास्थ्य, क्षमता अभिवृद्धि, डिजिटल, संस्कृति र खेलकुद लगायतका द्विपक्षीय साझेदारी बारे गहन छलफल भयो ।

थप पढ्नुहोस्



## १० औं परियोजना निर्देशक समिति र ८ औं संयुक्त कार्य समूहको बैठकहरू

भारत र नेपालबीच सञ्चालित सीमापार रेल्वे लिङ्कहरूको कार्यान्वयन तथा रेल्वे क्षेत्रमा समग्र द्विपक्षीय सहकार्यको समीक्षा गर्न मिति २०८३ जेठ २८-२९ गतेसम्म काठमाडौंमा १० औं परियोजना निर्देशक समिति (पीएससी) र ८ औं संयुक्त कार्य समूह (जेडब्ल्युजी) को बैठक सम्पन्न भयो ।

थप पढ्नुहोस्



## नेपाल-भारत उद्योग वाणिज्य संघ (निक्की) सँगको सहकार्यमा उदीयमान प्रविधिहरूमा भारत-नेपाल साझेदारी बारे सेमिनारको आयोजना

नेपालस्थित भारतीय राजदूतावासले नेपाल-भारत उद्योग वाणिज्य संघ (निक्की) सँगको सहकार्यमा उदीयमान प्रविधिहरूमा भारत-नेपाल साझेदारी विषयक एक सेमिनारको आयोजना गऱ्यो । सो सेमिनार आर्टिफिसियल इन्टेलिजेन्स (एआई) सहकार्यका लागि द्विपक्षीय अवसरहरूको खोजीमा केन्द्रित रह्यो । उक्त कार्यक्रममा भासिनी र काठमाडौं विश्वविद्यालयबीच भएको समझदारी जस्ता भारत र नेपालबीच एआईको क्षेत्रमा हालै भएका सहकार्यहरू बारे प्रकाश पारियो । प्रमुख वक्ता सर्वम् एआईका संस्थापक डा. प्रत्यूष कुमारले भारतमा फुल स्ट्याक सोभरेन एआई इकोसिस्टम निर्माण गर्दाका भारतीय अनुभवहरू साझा गर्नुभयो ।

थप पढ्नुहोस्


# विकास साझेदारी




## कालीकोट जिल्लामा श्री जनज्योति माध्यमिक विद्यालयको भवन निर्माणका लागि शिलान्यास

कालीकोटको सान्नीत्रिवेणी गाउँपालिका-४ मा मिति २०८३ जेठ २८ गते श्री जनज्योति माध्यमिक विद्यालयको भवन निर्माणका लागि शिलान्यास गरियो । यो उच्च प्रभाव सामुदायिक विकास परियोजना भारत सरकारको आर्थिक सहयोग करिब नेरू. ९.३ करोडमा निर्माण हुँदैछ र यो नेपालको कालीकोट जिल्लाकै पहिलो उच्च प्रभाव सामुदायिक विकास परियोजना हो ।

थप पढ्नुहोस्




## हुम्ला जिल्लामा नेपाल-भारत मैत्री अस्पताल भवन निर्माणका लागि शिलान्यास

हुम्लाको चंखेली गाउँपालिका-२ मा मिति २०८३ जेठ २८ गते नेपाल-भारत मैत्री अस्पताल भवन निर्माणको शिलान्यास गरियो । यो उच्च प्रभाव सामुदायिक विकास परियोजना भारत सरकारको आर्थिक सहयोग करिब नेरू. १४.८ करोडमा निर्माण हुँदैछ र यो नेपालको हुम्ला जिल्लामा तेस्रो उच्च प्रभाव सामुदायिक विकास परियोजना हो ।

थप पढ्नुहोस्




## मुस्ताङ जिल्लामा लोवो निफुग नाम्ड्रोल नोर्बुलिङ्ग गुम्बा विद्यालयको छात्रावास भवनको उद्घाटन

गण्डकी प्रदेशको मुस्ताङको लोमन्थाङ गाउँपालिका-१ मा लोवो निफुग नाम्ड्रोल नोर्बुलिङ्ग गुम्बा विद्यालयका लागि निर्माण गरिएको छात्रावास भवनको मिति २०८३ असार १ गते राजदूत श्री नवीन श्रीवास्तव र लोमन्थाङ गाउँपालिकाका अध्यक्ष श्री टसी न्हर्बु गुरूङले संयुक्त रूपमा उद्घाटन गर्नुभयो । यो उच्च प्रभाव सामुदायिक विकास परियोजना भारत सरकारको आर्थिक सहयोगमा निर्माण गरिएको हो ।

READ MORE

# साँस्कृतिक र जनता-जनताबीचको संलग्नता




## लेफ्टिनेन्ट जनरल सञ्जीव चौहानद्वारा पोखरा र बुटवलमा आयोजित भूतपूर्व सैनिक र्‍यालीमा गोर्खा भूपू सैनिकहरूलाई सम्बोधन

एभिएसएम, वाइएसएम, डिप्युटी कमान्डर इन चिफ, एसएफसी, गोर्खा ब्रिगेडका अध्यक्ष तथा भारतीय सेनाको १ जीआरका कर्णेल, लेफ्टिनेन्ट जनरल सञ्जीव चौहानले मिति २०८३ जेठ २३ गते पेन्सन भुक्तानी कार्यालय (पीपीओ) पोखरा र बुटवलमा आयोजित भूतपूर्व सैनिक र्‍यालीमा भारतीय सेनाका भूपू सैनिकहरूलाई सम्बोधन गर्नुभयो । वहाँले गोर्खा भूपू सैनिकहरूले पुर्‍याउनुभएको अमूल्य योगदान र बलिदानको कदर गर्दै वहाँहरूको कल्याण र हितका लागि भारतीय सेना सदैव प्रतिबद्ध रहने कुरामा जोड दिनुभयो । र्‍यालीका क्रममा जनरलले वीरता पुरस्कार विजेताहरू तथा वीर नारीलाई वहाँहरूको योगदानको लागि सम्मान गर्नुभयो ।

READ MORE




## इन्डियन एम्बेसडर्स इन्भीटेस्नल गल्फ टुर्नामेन्ट २०२६ को आयोजना

नेपालस्थित भारतीय राजदूतावासले मिति २०८३ जेठ ३० गते गोकर्ण फरेस्ट रिसोर्टमा इन्डियन एम्बेसडर्स इन्भीटेस्नल गल्फ टुर्नामेन्ट २०२६ को आयोजना गर्‍यो । उक्त प्रतियोगितामा गल्फ प्रेमीहरू, अधिकारीहरू तथा कूटनीतिज्ञहरूको उत्साहजनक सहभागिता रहेको थियो । राजदूत श्री नवीन श्रीवास्तवले विजेताहरूलाई बधाई दिँदै सबैको उत्साहजनक सहभागिताको प्रशंसा गर्नुभयो । नेपालमा गल्फ क्षेत्रका युवा प्रतिभाहरूलाई प्रोत्साहन गर्न राजदूतले सोही अवसरमा दुई उदीयमान गल्फ खेलाडीहरूलाई जनही रू. १,००,०००/- (एक लाख नेपाली रूपैयाँ) को चेक समेत प्रदान गर्नुभयो ।

READ MORE



## भारतीय राजदूत क्रिकेट प्रतियोगिताको दोस्रो संस्करण

भारतीय राजदूत क्रिकेट प्रतियोगिताको दोस्रो संस्करण मिति २०८३ असार १२-१४ गते सम्म त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदान र मूलपानी क्रिकेट रङ्गशालामा आयोजना गरिएको थियो । यस प्रतियोगितामा भारतीय राजदूतावास, नेपालको परराष्ट्र मन्त्रालय, नेपाल सरकारका अधिकारीहरू, भूतपूर्व नेपाली क्रिकेट खेलाडीहरू, कूटनीतिक समुदाय, नेपाली मिडिया, कर्पोरेट संस्थाहरू र नेपालमा रहेका भारतीय प्रवासीहरू (आईसीएएन) समावेश भएका ८ वटा टोलीहरूको सहभागिता रहेको थियो । प्रतियोगिताको सफलताको उत्सव मनाउन मिति २०८३ असार १५ गते एक समारोहको आयोजना गरिएको थियो जहाँ राजदूत श्री नवीन श्रीवास्तवले ३ जना नेपाली महिला यू-१९ क्रिकेट खेलाडीहरूलाई क्रिकेट किट हस्तान्तरण गर्दै सन् २०२७ मा हुने आगामी यू-१९ महिला टी-२० विश्वकपका लागि सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

थप पढ्नुहोस्

# आर्थिक तथा व्यावसायिक साझेदारी



## भारत नेपाल स्टार्टअप पार्टनरसिप नेटवर्कको दोस्रो कोहर्टको सुरुवात

२५ वटा नेपाली स्टार्टअपहरू सम्मिलित इन्डिया नेपाल स्टार्टअप पार्टनरसिप नेटवर्क (IN-SPAN) कार्यक्रमको दोस्रो कोहर्टले मिति २०८३ जेठ १८ गतेदेखि आईआईटी मद्रास प्रवर्तकमा आफ्नो ८ हप्ताको तालिम कार्यक्रम सुरु गर्‍यो ।

थप पढ्नुहोस्

# भारतमा भएका विकासहरू




## आर प्रज्ञानंदले जिते नर्वे चेस टुर्नामेन्ट

भारतीय ग्रान्डमास्टर आर. प्रज्ञानंदले मिति २०८३ जेठ २२ गते जर्मनीका भिन्सेन्ट केमरलाई पराजित गर्दै नर्वे चेस टुर्नामेन्ट २०२६ को उपाधि जिते ।

थप पढ्नुहोस्



## विश्व योगासन च्याम्पियनसिप २०२६ मा भारत शीर्ष स्थानमा

भारतले १०२ स्वर्ण, ९ रजत, र ३ कास्य पदकसहित कुल ११४ पदक जित्दै विश्व योगासन च्याम्पियनसिप २०२६ मा शीर्ष स्थान हासिल गऱ्यो । यो उपलब्धिले योगको क्षेत्रमा भारतको विश्वव्यापी नेतृत्व र प्रतिभालाई झल्काउँदछ ।

थप पढ्नुहोस्




## भारतीय महिला हक्की टोलीले एफआईएच नेसन्स कप २०२५-२६ जित्यो

भारतीय महिला हक्की टोलीले न्युजिल्यान्डमा एफआईएच महिला हक्की नेसन्स कप २०२५-२६ को उपाधि जित्यो ।

थप पढ्नुहोस्



## युट्युबमा प्रत्यक्ष प्रशारित योग सत्रमा सर्वाधिक दर्शकले हेरेबापत प्राप्त गिनिज वर्ल्ड रेकर्ड

अन्तर्राष्ट्रिय योग दिवस २०२६ को आरम्भ अघि एक ऐतिहासिक उपलब्धि हासिल गर्ने क्रममा भारतको आयुष मन्त्रालयले युट्युबमा प्रत्यक्ष प्रशारित योग प्रसारणमा सर्वाधिक दर्शकले हेरेबापत नयाँ गिनिज वर्ल्ड रेकर्ड कायम गरेको छ । मिति २०८३ जेठ ३१ गते आयुष मन्त्रालयको आधिकारिक युट्युब च्यानलमार्फत प्रत्यक्ष प्रसारण गरिएको विशेष विश्वव्यापी अनलाइन योग सत्रमा ४,३५,८३१ जना दर्शकहरू सहभागी भएका थिए ।

थप पढ्नुहोस्

# भारतमा आगामी हुने कार्यक्रमहरू




## मिति २०८३ आश्विन १-३ गते सम्म सेमिकन इन्डिया २०२६ आयोजना हुने

मिति २०८३ आश्विन १-३ गते सम्म सेमिकन इन्डिया २०२६ नयाँ दिल्ली स्थित यशोभूमि (इन्डिया इन्टरनेसनल कन्भेन्सन एण्ड एक्स्पो सेन्टर) मा आयोजना हुनेछ जसले विश्वव्यापी सेमिकन्डक्टर इकोसिस्टमलाई एउटै सशक्त मञ्चमा ल्याउनेछ । सेमिकन इन्डियाले उद्योग, सरकार, शिक्षा क्षेत्र, र स्टार्टअपहरूबीच रणनीतिक सहकार्यलाई निरन्तर बढावा दिँदै आएको छ । सन् २०२६ को यो संस्करणले एक महत्त्वपूर्ण विस्तारलाई दर्शाउँछ जसमा २० भन्दा बढी देशका ५०० भन्दा बढी प्रदर्शक कम्पनीहरूले सम्पूर्ण माइक्रोइलेक्ट्रोनिक्स इकोसिस्टमभरिका अत्याधुनिक प्रविधि, नवप्रवर्तन र समाधानहरू प्रदर्शन गर्नेछन् ।

थप पढ्नुहोस्

# १२ औं अन्तर्राष्ट्रिय योग दिवसको उत्सव

अन्तर्राष्ट्रिय योग दिवसको १२ औं संस्करण मनाउन काठमाडौँस्थित भारतीय राजदूतावास र वीरगञ्जस्थित भारतीय महावाणिज्य दूतावासले २२ वटा योग कार्यक्रमहरू आयोजना गरे । काठमाडौँ, पोखरा, लमजुङ, लुम्बिनी, जनकपुर, चितवन, वीरगञ्ज, हेटौँडा, सखुवा प्रसौनी, पोखरिया र बरियारपुर सहितका नेपालका ११ वटा शहर तथा नगरपालिकाहरूमा सञ्चालित यी कार्यक्रमहरूमा १३,००० भन्दा बढी योग प्रेमीहरूको सहभागिता रहेको थियो । मुख्य कार्यक्रम मिति २०८३ असार ७ गते पोखरा रङ्गशालामा आयोजना गरिएको थियो जसमा ८,००० भन्दा बढी योगमा अभिरूची राख्नेहरूको सहभागिता रहेको थियो । उक्त कार्यक्रममा गण्डकी प्रदेशका माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेका साथै नेपालका लागि भारतीय राजदूत र अन्य विशिष्ट व्यक्तिहरूको उपस्थिति रहेको थियो ।






पोखरा रङ्गशालामा अन्तर्राष्ट्रिय योग दिवस २०२६ को उत्सव



पशुपतिनाथ मन्दिर, काठमाडौँ



शान्ति स्तूप, पोखरा



पाटन दरबार स्क्वायर, ललितपुर



लुम्बिनी

थप विवरणका लागि यहाँ क्लिक गर्नुहोस्

हामीलाई फलो गर्नुहोस्

INDIA PERSPECTIVES